(दफा १८ को उपदफा (६) सम्बन्धित)
कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित
नेपाल वन निगम लिमिटेडको
**प्रवन्ध-पत्र**

१. **कम्पनीको नाम** : यस कम्पनीको नाम **नेपाल वन निगम लिमिटेड** हुनेछ । जसलाई अंग्रेजीमा "NEPAL BAN NIGAM LIMITED" भनिनेछ ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना** : (१) यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौंमा रहनेछ ।

(२) आवश्यकता अनुसार देशका विभिन्न स्थानमा शाखा कार्यालय, डिपो, स:मिल तथा उद्योगहरु रहनेछन् ।

३. **कम्पनीले गर्ने व्यवसाय वा कारोवारको प्रकृति** : कम्पनीले गर्ने व्यवसाय वा कारोबार उत्पादन, व्यापार र सेवा मूलक हुनेछ ।

४. **कम्पनीको उद्देश्य** : यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ:-

(क) काठजन्य पैदावारको कटान, संकलन गर्ने,

(ख) काठजन्य पैदावारको सर्वसुलभ आपूर्तिको व्यवस्था मिलाउने,

(ग) काठजन्य पैदावारको प्रशोधन एवं गुणस्तर वृद्धि तथा मूल्य अभिवृद्धि गर्न काठजन्य पैदावारमा आधारित उद्योगहरुको स्थापना, प्रवर्द्धन, सञ्चालन र विकास गर्ने,

(घ) कम्पनीको कार्यसँग सम्बन्धित उत्पादन, सेवा र व्यापार अभिवृद्धिको लागि आवश्यक अध्ययन र अनुसन्धान गर्ने,

(ङ) बृक्षारोपण र सोको संरक्षण एवं व्यवस्थापन गर्ने,

(च) सागरनाथ वन विकास परियोजना र रतुवामाई बृक्षारोपण आयोजना व्यवस्थापन गर्ने,

(छ) हरियाली प्रवर्द्धन, काठजन्य पैदावारको दिगो उत्पादन, प्रशोधन एवं मूल्य अभिवृद्धि मार्फत् रोजगारीका अवसरहरुको सिर्जना, आर्थिक विकास एवं गरिबी न्यूनीकरणमा योगदान पुऱ्याउने,

(ज) विद्युत विकास र विस्तारका लागि आवश्यक काठजन्य विद्युतीय पोल तथा सामग्रीहरु उत्पादन तथा प्रसोधन गरी आपुर्ति गर्ने ।

(झ) तोकिएको अन्य वन क्षेत्रको दिगो व्यवस्थापन गर्ने ।

५. **कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु** : (१) यस कम्पनीले दफा ४ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्न सक्नेछ :-

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरीद गर्ने वा भांडामा लिई प्रयोग गर्ने,

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्ने तथासेवाका शर्तहरु निर्धारण गर्ने,

(ग) कम्पनीको नाममा (क) वर्गको बैङ्कमा खाता खोली कारोबार गर्ने,

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट कम्पनीले धितो राखी वा नराखी कर्जा लिने,

(ङ) कम्पनीको नामबाट शेयर तथा डिवेन्चर खरीद, बिक्री गर्ने,

(च) कम्पनीको स्वामित्वमा रहेका घरजग्गा, अचल सम्पत्तिको संरक्षण तथा अद्यावधिक गर्ने ।

(छ) सुरक्षित घाटगद्दी तथा संकलन केन्द्र, आधुनिक गोदाम, बिक्री केन्द्र वा डिपो, गुणस्तर परीक्षण प्रयोगशाला, आधुनिक मिल, कारखाना, प्रशोधन केन्द्रको स्थापना तथा संचालन गर्ने गराउने,

(ज) कम्पनीको स्वामित्वमा रहेका श्रोत साधनहरुको अधिकतम परिचालन गर्ने, आवश्यक घर, गोदाम तथा अन्य चल अचल सम्पत्ति खरीद बिक्री गर्ने, लिज, करार वा भाडामा दिने, निर्माण तथा मर्मत-संभार गर्ने, गराउने,

(झ)कम्पनीलाई आकस्मिक क्षतिबाट बचाउन कम्पनीको मेशिनरी, भवन लगायत सबै प्रकारका सम्पत्तिहरुको आवश्यकतानुसार बीमा गराउने,

(ञ) कम्पनीको तर्फबाट मुद्धा दायर गर्ने र कम्पनी विरुद्ध परेका मुद्दा मामिलाहरुको प्रतिरक्षा गर्ने,

(ट) कम्पनीको उद्देश्यहरु कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नुपर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गर्ने,

(ठ) कृषिवन कार्यक्रम विकास र बिस्तार गर्ने,

(ड) साधारणसभाका निर्णयहरु कार्यान्वयन गर्ने,

(ढ) स्वीकृत वन कार्ययोजना अनुसार व्यवस्थित तरिकाले काठ दाउरा संकलन गर्ने,

(ण) राष्ट्रिय वन क्षेत्रभित्र राष्ट्रिय गौरव एवं राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना/परियोजनाहरु सञ्चालन गर्दा नहटाई नहुने रुखहरु कटान, मुछान गरी प्राप्त हुने काठ, दाउरा बिक्री गर्ने,

(त) काठ, दाउराको उपलब्धताको आधारमा तोकिए बमोजिम थोक तथा खुद्रा बिकी गर्ने,

(थ) कम्पनी आफै वा अधिकृत विक्रेताहरु मार्फत् चिरान काठ र दाउरा बिक्री वितरण गर्ने,

(द) दाहसंस्कार, धार्मिक तथा घरायसी प्रयोजन, सामाजिक कार्य, विपद लगायत बिबिध प्रयोजनको लागि दाउरा आपूर्ति गर्ने,

(ध) काठजन्य पैदावारको दिगो उत्पादन गरी काठजन्य पैदावारमा आधारित उद्योगहरुलाई आबश्यक वन पैदावार उपलब्ध गराउने,

(न) काष्ठजन्य पैदावर कटान, व्यवस्थापन, बिक्री तथा वृक्षारोपण कार्यमा निजी क्षेत्र, वन उपभोक्ता समूह तथा वन पैदावार व्यवसायीहरुसँग सहकार्य गर्ने,

(प) निजी वन, सरकारी वन, चक्ला वन, सामुदायिक र साझेदारी लगायतका वनहरुबाट काठ, दाउरा खरीद गर्ने,

(फ) काठको गुणस्तर अभिवृद्धि सम्बन्धी कार्यहरु गर्ने,

(ब) काठ दाउराको माग आपूर्ति सम्बन्धमा अध्ययन, अनुसन्धान गर्ने,

(भ) गोल, बायोब्रिकेट, पेलेट लगायत बायोइनर्जी उत्पादन तथा आपुर्ति गर्ने,

(म) नेपाल सरकारको स्वीकृति लिई स्वदेशी तथा विदेशी संघ संस्थाहरुसँग सहकार्य गरी हरियाली प्रवर्द्धन, काठजन्य पैदावरमा आधारित उद्यम स्थापना, सञ्चालन र विकास गर्ने,

(य) राष्ट्रिय गौरव तथा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना/परियोजनाहरु सञ्चालन गर्दा हटाईएका रुख विरुवाको क्षतिपूर्तिबापत गर्नुपर्ने वृक्षारोपण गरी व्यवस्थापन गर्ने,

(र) खाली पर्ती वा हैसियत बिग्रेको वन क्षेत्रमा वृहत वृक्षारोपण मार्फत् वन क्षेत्रको विस्तार गरी प्रभावकारी रुपमा संरक्षण, सम्बर्द्धन र सदुपयोग गर्ने,

(ल) मुलुकभर काठजन्य पैदावारको माग तथा आपूर्ति स्थितिको नियमित सूचना संकलन, विश्लेषण र वास्तविक अवस्थाको पहिचान गरी सर्वसाधारणलाई सुसूचित गराउने,

(व) मुलुकमा विपद्जन्य घटना वा विशेष परिस्थितिको कारण आवश्यक पर्ने काठजन्य पैदावारको आपूर्ति गर्न सुरक्षित भण्डारणको व्यवस्था गरी पर्याप्त संचिति (Buffer Stock) को व्यवस्था मिलाउने,

(स) आपूर्ति वा बिक्री वितरणका लागि अत्यावश्यक काठ, दाउरा, विद्युतीय पोल खरीद विकी गर्ने,

(ष) आधुनिक प्रविधिको प्रयोग गरी काठजन्य पैदावारको प्रशोधन, ब्राण्डिड तथा उत्पादनमा विविधीकरण गरी बिक्री वितरण गर्ने,

(श) निजी क्षेत्रसँगको समन्वय र सहकार्यमा सहायक कम्पनी स्थापना गरी काठजन्य उद्योग प्रवर्द्धन गर्ने,

(ह) सागरनाथ वन विकास परियोजना र रतुवामाई वृक्षारोपण आयोजनाको प्रभावकारी रुपमा व्यवस्थापन गर्ने,

(क्ष) सामाजिक उत्तरदायित्व सम्बन्धी कार्य गर्ने,

(त्र) नेपाल सरकारबाट हुने निर्देशन अनुसार कार्य गर्ने ।

(२) कम्पनीले उपदफा (१) बमोजिमको कामहरु सम्पन्न गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ ।

६. **कम्पनीको पूँजीको संरचना** : (१) कम्पनीको अधिकृत पूँजी रु.५०,००,००,०००/- (पचास करोड) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका ५०,००,००० थान साधारण शेयर विभाजन गरिएको छ ।

(२) कम्पनीको जारी पूँजी रु.२५,००,००,०००/- (पचीस करोड) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका २५,००,००० कित्तामा विभाजन गरिएको छ ।

(३) कम्पनीका संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु.१८,५०,००,०००/- (अठार करोड पचास लाख) हुनेछ ।

७. **कम्पनीको शेयरको किसिम** : (१) हाल कम्पनीले साधारण शेयर बाहेक अन्य प्रकारको शेयरको व्यवस्था गरेको छैन । अग्राधिकार शेयर जारी गर्नु परेमा प्रबन्ध-पत्र तथा नियमावलीमा आवश्यक संशोधन गरी कम्पनी ऐन, २०६३ बमोजिम कार्यालयको स्वीकृति लिएर त्यस्तो शेयर जारी गर्न सकिने छ ।

८. **शेयर खरीद वा हस्तान्तरण गर्न कुनै बन्देज रहेको भए सो कुरा** : शेयर खरीद वा हस्तान्तरण गर्न कुनै बन्देज रहेको छैन ।

९. **शेयर वापतको रकमको भुक्तानि** : (१) कम्पनीले आफ्नो आवश्यकतानुसार सञ्चालक समितिको बैठकबाट निर्णय गरी शेयरबापतको रकम आंशिक वा पूर्ण रुपले भुक्तानी माग गर्न सक्नेछ ।

(२) शेयरबापत कम्पनीले माग गरेका रकमहरु निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ ।

(३) शेयरबापतको रकम माग गर्ने, माग गरेको रकम निर्धारित समयावधि भित्र बुझाउने, भुक्तानिको म्याद थप माग गर्ने तथा कम्पनीले म्याद दिने जस्ता कुराहरुको व्यवस्था नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

१०. **दायित्व सीमित हुने** : यस कम्पनीको कारोवारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरीद गरेको वा खरीद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सीमित रहनेछ । तर कुनै शेयरधनी वा सञ्चालकले सो हैसियतमा तेस्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागु हुने छैन ।

११. **अन्य आवश्यक कुराहरु** : (१) कम्पनीको संस्थापना गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्नेछ ।

(२) कम्पनीले चल अचल सम्पत्तिलाई पनि शेयरबापतको रकम मान्न सक्नेछ ।

(३) कम्पनी सञ्चालन गर्न शेयरधनीहरुबाट शेयरबापत नगद रकम लिइनेछ ।

(४) यस कम्पनीको शेयर बिक्री वा हस्तान्तरण सम्बन्धी कार्य नेपाल सरकारको स्वीकृति लिई साधारणसभाले गर्नेछ ।

१२. **नियमावली सम्बन्धी व्यवस्था** : कम्पनीको उद्देश्य प्राप्त गर्न नियमावली बनाउनेछ ।

१३. **प्रबन्ध-पत्र संशोधन भएमा लागु हुने अवस्था** : यस प्रबन्ध-पत्रमा कम्पनीले संशोधन गर्नुपर्ने भएमा साधारणसभाबाट विशेष प्रस्ताव पारित गरी संशोधन गर्न सक्नेछ । तर पुजी वृद्धि गर्न नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने छ । सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र प्रबन्धपत्र संशोधन भएको मानिनेछ ।

१४. **प्रवन्ध-पत्र बाझिएको हदसम्म अमान्य हुने** : यस प्रबन्ध-पत्रमा लेखिएका कुरा कम्पनी ऐन, २०६३ वा अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

१५. **संस्थापकहरुले लिन कबुल गरेको शेयर संख्या र उद्घोषण** : हामी नेपाल वन निगम लिमिटेडका संस्थापकहरूले नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६।०२।२३ को निर्णय अनुसार पूर्ण सरकारी स्वामित्वको यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम संचालन गर्न मन्जुर गरेका छौं । संस्थापक शेयरवाला निकायको प्रतिनिधिको हैसियतले यो प्रबन्ध-पत्रमा उल्लेखित हाम्रो नाम, हस्ताक्षर, लिन कबुल गरेको शेयर र साक्षी संम्बन्धी व्यहोरा ठिक साँचो हो, झुट्ठा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छ भनी सहीछाप गरेका छौं ।

| संस्थापकको नाम र ठेगाना | नागरिकताको प्रमाणपत्र नं.र नागरिकता प्राप्त गरेको जिल्ला | लिन कबुल गरेको शेयर संख्या | नेपाल वन निगम लिमिटेडमा तत्काल चुक्ता गरेको शेयर पूँजी रु.मा | साक्षीको नाम, थर, ठेगाना र सहिछाप | साक्षीको नागरिकता को प्रमाणपत्र नं. जिल्ला |
|---|---|---|---|---|---|
| अर्थ मन्त्रालय, सिंहदरबार<br>नाम : युगराज पाण्डे<br>पद : उपसचिव<br>हस्ताक्षर : | | ६,७०,७६० | ६,७०,७६,०००/- | | |
| उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार<br>नाम : उर्मिला के.सी.<br>पद : उपसचिव<br>हस्ताक्षर : | | २,५२,६३४ | २,५२,६३,४००/- | | |
| वन तथा वातावरण मन्त्रालय, सिंहदरबार<br>नाम : रेवती प्रसाद सापकोटा<br>पद : उपसचिव<br>हस्ताक्षर : | | ६,७२,५३२ | ६,७२,५३,२००/- | | |
| उद्योग विभाग, त्रिपुरेश्वर<br>नाम : विनोद कुमार खडका<br>पद : उपसचिव<br>हस्ताक्षर : | | ६४,७३५ | ६४,७३,५००/- | | |
| वन तथा भू-संरक्षण विभाग, बबरमहल<br>नाम : रामप्रसाद पाण्डे<br>पद : उपसचिव<br>हस्ताक्षर : | | ६४,७३९ | ६४,७३,९००/- | | |
| राष्ट्रिय वाणिज्य बैंक, सिंहदरबार प्लाजा<br>नाम : अच्युत उपाध्याय<br>पद : उपप्रबन्धक<br>हस्ताक्षर : | | २४,६०० | २४,६०,०००/- | | |
| नेपाल विद्युत प्राधिकरण, काठमाडौं<br>नाम : हरराज न्यौपाने<br>पद : उप कार्यकारी निर्देशक<br>हस्ताक्षर : | | १,००,००० | १,००,००,०००/- | | |

इति संवत् २०७६ साल श्रावण महिना ९ गते रोज ५ शुभम्......